| | |
|---|---|
| **विधेयक संख्या :-** | ००९ |

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका शिक्षा विधेयक, २०७५

| | |
|---|---|
| **सभाबाट स्वीकृत मिति :-** | २०७५/०३/२९ |
| **प्रमाणीकरण मिति :** | २०७५/०३/३१ |
| **स्थानीय राजपत्रमा प्रकाशित मिति :** | २०७५/०४/११ |

**दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका**

**खोटाङ**

**१ नं प्रदेश**

दिरुमनपा, नगरपालिकाको कार्यालय

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका शिक्षा विधेयक,२०७५

**प्रस्तावना :**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघिय लोकतन्त्रको संस्थागत विकास गर्न, गुणस्तरीय शिक्षा प्रदान गरी मुलुकको समृद्धी र जनहितका लागि राष्ट्रिय र स्थानीय विकासको लागि चाहिने जनशक्ति तयार गर्न यस नगरपालिकाको क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेको विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान २०७२ को धारा २२१ अनुसूची ८ को सूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर सभाले यो ऐन वनाएको छ ।

## परिच्छेद— १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका शिक्षा विधेयक, २०७५" रहेको छ ।

(२) यो ऐन दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाभर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

**२ परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "ऐन" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले दफा ४० वमोजिम विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "नगर सभा" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "वाल शिक्षा केन्द्र" भन्नाले ४ वर्ष उमेर पूरा भई ५ वर्ष उमेर पूरा नगरेका वालवालिकाको लागि खोलिएको प्रारम्भिक वाल शिक्षा केन्द्र, नर्सरी, के.जि, मन्टेश्वरी समेतलाई सम्झनु पर्छ ।

(ज) "आधारभूत शिक्षा"भन्नाले प्रारम्भिक वाल शिक्षा देखि कक्षा ८ सम्म दिईने शिक्षा सम्झनुपर्छ । यस भित्र प्राथमिक र निम्न माध्यमिक पर्छ ।

(झ) "माध्यामिक शिक्षा" भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षा सम्झनु पर्छ ।

(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यामिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ट) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषय वस्तुमा आधारित प्राविधिक र व्यावसाय उन्मूख शिक्षा प्रदान गर्न कक्षा ९ देखि १२ सम्म अध्यापन गराईने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरि समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरि अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यावस्थापन गर्न गठित समिति सम्झनु पर्छ ।

(ण) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको काम काज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(त) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

(थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय संचालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजनिक वा निजि गुठी सम्झनु पर्छ ।

(द) "श्रोत केन्द्र" भन्नाले नगरपालिका भित्र रहेका विद्यालयहरुको समूह बनाई पायक पर्ने विद्यालयमा केन्द्र बनाई कार्यालय रहने र शैक्षिक गतिविधि संचालन गर्ने वुझ्नु पर्छ ।

(ध) "श्रोत व्यक्ति" भन्नाले श्रोत केन्द्रको प्रमुख पदमा नियुक्ति भई शैक्षिक गुणस्तर सुधारका लागि खटिएको अधिकृतलाई बुझ्नु पर्छ ।

(न) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(प) "परीक्षा समिति" भन्नाले नगरपालिकाको विद्यालयहरुमा परीक्षा संचालन र समन्वय गर्ने समिति वुझ्नु पर्छ ।

(फ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ब) "वडा शिक्षा" समिति भन्नाले वडाध्यक्षको नेतृत्वमा बनेको वडाको शिक्षा हेर्ने समितिलाई सम्झनु पर्छ ।

(भ) "शिक्षक छनौट" समिति भन्नाले नगरपालिका भित्रका विद्यालयहरुमा रिक्त दरवन्दिमा करार शिक्षक नियुक्त गर्न बनेको समिति सम्झनु पर्छ ।

(म) “शैक्षिक शत्र” भन्नाले वैशाख १ गते देखि चैत्र मसान्त सम्मको वार्षिक अवधि सम्झनु पर्दछ ।

(य) “आवासिय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासिय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई जनाउँदछ ।

(र) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद — २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण,अनुमति, स्वीकृति,समायोजन तथा नियमन

**३. विद्यालयको तह २ प्रकारका हुनेछन :**

(क) माध्यामिक तह: कक्षा १ देखी कक्षा १२ अध्यापन हुने,

(ख) आधारभूत तह: कक्षा १ देखी कक्षा ८ सम्म अध्यापन हुनेछ । आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथामिक तह र वाल विकास केन्द्र अन्तर्गत वाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डर गार्डेनहरु रहेछन् ।

**४. माध्यमिक शिक्षाको प्रकार :** (१) माध्यमिक तहको शिक्षा देहाय प्रकारका हुनेछ ।

(क) साधारण माध्यामिक शिक्षा,

(ख) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा,

**५. शिक्षाको माध्यम :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय वमोजिम हुन सक्नेछ ।

(क) आधारभूत तह (कक्षा ५) सम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैह्र नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउदा शिक्षाको माध्यम सोहि भाषामा हुनेछ,

(घ) अंग्रेजी विषय अध्ययन गराउदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ,

**६. विशेष शिक्षा,समावेशी शिक्षा,अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा संचालन सम्वन्धि व्यवस्था :** नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरि विषेश शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्ने छ ।

**७. विद्यालयको वर्गीकरणः** (१) विद्यालयको सम्पत्ति, स्रोत साधन र लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिने छ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

**८. विद्यालय सञ्चालन गर्न अनुमति लिन पर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले कम्पनी वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा सो विद्यालय कम्पनी वा शैक्षिक गुठी कुन रुपमा खोल्न चाहेको हो तोकिएको विवरण खुलाई वडा समितिको सिफारिश सहित नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँच बुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिको सिफारिशमा शिक्षा शाखा प्रमुखले अनुमति दिनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा संचालनमा रहेका विद्यालयहरुले चाहेको कम्पनी खारेज गरि शैक्षिक गुठी अन्तगत विद्यालय संचालन गर्न नगरपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी नगर शिक्षा समितिमा राय सहित प्रतिवेदन पेश गर्ने छ, र माग बमोजिम विद्यालय संचालन गर्न शिक्षा समितिको सिफारिशमा शिक्षा शाखा प्रमुखले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद द्धारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा (टि.एस.ई.ई.) संचालनका लागि कुनै सामूदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा नगर शिक्षा समितिको सिफारिशमा नगरपालिका प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ ।

तर अनुमति दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य नगर शिक्षा समितिले गर्नु पर्नेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएका भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा संचालन गर्न पाउने गरि अनुमति वा स्वीकृति दिईने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा, सो भवनमा वा त्यस्तो जग्गामा भवन वनाई संचालन भएको विद्यालय,

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहाय वमोजिम गर्नुपर्ने छ ।

(क) शैक्षिक गुठी संचालन गर्ने गुठी संचालक (ट्रष्टी) सङ्गठित संस्थाको रुपमा हुनु पर्ने,

(ख) शौक्षिक गुठी संचालन गर्दा ट्रष्टीमा सार्वजानिक गुठी भए कम्तीमा पाँच जना र निजि गुठी भए कम्तिमा तीन जना सदस्य हुनु पर्ने,

(ग) शैँक्षिक गुठीको आय–व्ययको लेखा तोकिए बमोजिम खडा गरि मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराएको हुनु पर्ने,

(घ) शौक्षिक गुठीका तत्काल कायम रहेका ट्रष्टीले आफ्ना जीवनकालमै वा शेषपछि गूठीयारको रुपमा काम गर्न आफ्नो उत्तराधिकारी तोक्न सक्ने,

तर सार्वजनिक क्षैशिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगर शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्य राखि विद्यालय संचालन गर्न चाहेमा नगरपालिका प्रमुखबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम संचालित विद्यालयले पालना गर्नु पर्ने अन्य व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(१०) माथि उप दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्था संग सम्बन्धन गर्ने गरि कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिईने छैन ।

(११) यस अघि दर्ता भएका विधालय सम्बन्धि व्यवस्था

(क) माथि जे सुकै उल्लेख भएता पनि यस अघि नियम अनुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम संचालन भएका मानिनेछन् तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण सहित आवश्यक कागजात पेश गर्नु पर्नेछ ।

**९. धरौटी राख्नु पर्ने :** संस्थागत विद्यालय खोल्ने अनुमति लिदा विद्यालय संचालनको सुरक्षण वापत तोकिए वमोजिमको रकम कार्यपालिकामा धरौटीको रुपमा राख्नु पर्नेछ ।

**१०.सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामति, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र शहिद प्रतिष्ठानद्धारा सञ्चालित विद्यालयहरुले समेत पाठयक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यस ऐन वमोजिम पालना गर्नु पर्नेछ ।**

**११.नगरपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै वाल शिक्षा केन्द्रको स्थापना र संचालन गर्न थप व्यवस्था गर्न सक्नेछ ।**

**१२. वाल गृहको सञ्चालनः** नगरपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले बालगृह सञ्चालन गर्न पाउनेछ । बालगृह सञ्चालनको लागि आवश्यक प्रकृया नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**१३. सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्ने :** नगरपालिकाले समूदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए वमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ । र यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय संचालन गर्न सक्नेछ ।

**१४. विद्यालय सार्न, गाभ्न, नाम परिर्वतन गर्न वा वन्द गर्न सक्ने :**

(१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भई रहेका आधा घण्टाको पैदल दूरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा वढि विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

(२) प्राथमिक तहको विद्यालयमा २२ जना भन्दा कम विद्यार्थी भएमा नगर शिक्षा समितिको सिफारिशमा बाल शिक्षा केन्द्र मात्र कायम राखि त्यस माथिका कक्षाहरु बन्द गर्न सक्नेछ ।

(३) विद्यालयको नाम परिर्वतन गर्नु परेमा नाम परिर्वतन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समिति मार्फत नगरपालिकामा स्वीकृतिका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिशमा नगरपालिकाले नाम परिवर्तनको लागि स्वीकृति दिन सक्नेछ ।

(५) कसैले आफ्नो वा परिवारका सदस्यको नामवाट विद्यालयको नाम राख्न चाहेमा तोकिएको रकम विद्यालयलाई प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न सक्नेछ । विद्यालयको नाम परिवर्तन सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ३

## शिक्षा सम्बन्धि संरचनागत सम्बन्धि व्यवस्था

**१५.नगर शिक्षा समिति सम्बन्धि व्यवस्था :**

(१) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, नियन्त्रण, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय वमोजिमको नगर शिक्षा समिति रहनेछः—

(क) नगरपालिका प्रमुख — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) नगर प्रमुखले तोकेको नगर कार्यपालिका एक महिला एक दलित समेत ३ जना सदस्यहरु —सदस्य

(घ) सामूदायिक विद्यालयको प्रधानाध्यापक मध्येवाट नगर प्रमुखले तोकेको एक जना प्रधानाध्यापक —सदस्य

(ङ) संस्थागत विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट नगर प्रमुखले तोकेको एक जना प्रतिनिधि —सदस्य

(च) सामूदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट समितिले तोकेको एक जना प्रतिनिधि —सदस्य

(छ) संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट समितिले तोकेको एक जना प्रतिनिधि —सदस्य

(ज) शिक्षकहरुको पेशागत महासघको अध्यक्ष —सदस्य

(झ) नगर प्रमुखले तोकेको नगर क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कम्तिमा १० वर्ष स्थायी सेवा अवधि पूरा भएका माध्यामिक विद्यालय र आधारभूत विद्यालय तहवाट एक जना महिला सहित २ जना प्रतिनिधि —सदस्य

(ञ) शिक्षा अधिकृत —सदस्य सचिव

नोटः श्रोत व्यक्तिहरुलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराईने छ ।

(२) पदेन सदस्य वाहेकका सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

पुनश्चः समितिका सदस्यहरु छनौट गर्दा क्षेत्रिय, जातीय, लिङ्गिय हिसावले समावेशी सिद्धान्तमा आधारित हुनु पर्नेछ ।

(३) नगर शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा एक पटक वस्नेछ ।

(४) समितिको वैठक संचालन प्रकृया, वैठक भत्ता तथा सेवा सुविधा नगर कार्यपालिकावाट तोकिए वमोजिम हुनेछ । तर एक आर्थिक वर्षमा जति सुकै पटक बैठक बसेता पनि ६ वटा बैठकको भन्दा बढीको भत्ता उपलब्ध गराईने छैन् ।

(५) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदिय आचरण पुरा नगरेमा नगर कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ ।

तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि सफाईको मौकावाट वञ्चित गरिने छैन ।

(६) नगर शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**१६. नगरपालिका अन्तर्गतका शिक्षा सम्बन्धि कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न एक जना शिक्षा अधिकृत रहनेछन् । निजको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।**

**१७. वडा शिक्षा समिति सम्वन्धि व्यवस्था :**

(१) वडा स्तरमा देहाय वमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष —संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना —सदस्य

(ग) वडा अध्यक्षले तोकेको वडा सदस्यहरु मध्येवाट दलित महिला सदस्य सहित २ जना —सदस्य

(घ) वडा अध्यक्षले तोकेको सेवा निवृत्त वा १० वर्ष स्थायी शिक्षण सेवा अनुभव भएको एक जना शिक्षक —सदस्य

(ङ) शिक्षाप्रेमी समाज सेवी मध्येवाट समितिले छनौट गरेको एक जना —सदस्य

(च) वडाका संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट समितिले छनोट गरेको एक जना —सदस्य

(छ) वडाका शिक्षक महासंघ अध्यक्ष —सदस्य

(ज) समितिले तोकेको वडा क्षेत्रभित्र रहेका उच्चतम सामूदायिक विद्यालयको प्रधानाध्यापक —सदस्य सचिव

(२) श्रोत व्यक्ति पर्यवेक्षक सदस्य र वडामा कृयाशिल वालमञ्चका सदस्यहरु मध्येवाट एक छात्रा र एक छात्र गरि २ जना आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(३) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**१८.विद्यालय व्यवस्थापन समिति :**

(१) सामूदायिक विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) कम्तिमा विद्यालयको सोही तह उत्त्रिण गरेको अभिभावकहरुले आफू मध्येबाट छानी पठाएको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरुले आफू मध्येबाट छानिएका कम्तिमा एक जना महिला र एक जना दलित सहित तीन जना - सदस्य

(ग) वडा समितिले तोकेको वडा सदस्य एक जना प्रतिनिधि - सदस्य

(घ) विद्यालयका संस्थापक, चन्दादाताहरु मध्येबाट समितिले मनोनित गरेको एक जना - सदस्य

(ङ) स्थानीय शिक्षाप्रेमी, वुद्धिजिवि, समाजसेवी मध्येबाट नगर शिक्षा समितिले तोकेको एक जना - सदस्य

(च) शिक्षकहरु स्वयम् मध्येवाट मनोनित गरि पठाईएको एक जना - सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) वडाध्यक्ष र श्रोत व्यक्तिलाई पर्यवेक्षकको रुपमा आमन्त्रित गर्नु पर्नेछ ।

(पुनश्चः वाल क्लवहरुको तर्फबाट १ जना वालक वा वालिकालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य रुपमा सहभागी गराउनु पर्ने छ )

(३) विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदवाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्न अघि आफ्नो सफाइ पेश गर्नबाट बञ्चित गरिने छैन ।

(४) व्यवस्थापन समितिको सदस्यको राजिनामा समितिका अध्यक्ष र समितिका अध्यक्षको राजिनामा व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

(५) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको योग्यता तोकिए बमोजिम हुनेछ ।

(६) सामूदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१९. शिक्षक अविभावक संघ :** सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेका एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्बन्धि कार्यविधि नगर शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

## परिच्छेद– ४
## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दि, सेवा शर्त र योग्यता

**२०.नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने :**

(१) नगरपालिका क्षेत्रभित्र रहेका सामूदायिक विद्यालयहरुमा आावश्यक पर्ने शिक्षकहरुको दरवन्दि निर्धारण नगरपालिकाले गर्नेछ ।

(२) नगरपालिकाले शिक्षकको दरवन्दि निर्धारण गर्दा विद्यालयमा अध्ययन गर्ने विद्यार्थी सख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) निम्न माध्यामिक र माध्यामिक तहको अध्यापनका लागि दरवन्दि अपुग भएको विद्यालयमा अंग्रेजी, गणित, विज्ञान विषय लिई माथिल्लो योग्यता भएको तल्लो तहको शिक्षक भए सो विषयको अध्यापनको लागि माथिल्लो कक्षा अध्यापन गर्न पुरक शिक्षकको रुपमा नगर शिक्षा समितिले नियुक्त गर्न सक्नेछ र सो अवधिको पारिश्रमिक प्रोत्साहन स्वरुप नगरपालिकाले उपलब्ध गराउनेछ ।

(४) विज्ञान शिक्षक करारमा नियुक्त गर्दा शिक्षा सेवा आयोगले तोके बमोजिमको शैक्षिक योग्यता पुगेको र अध्यापन अनुमति प्रमाण पत्र प्राप्त उमेदवारको दुई पटक विज्ञापन गर्दा पनि आवेदन पर्न नसकेमा सम्वन्धित विद्यालय र वडा शिक्षा समितिले अध्यापन अनुमति प्राप्त उमेद्वारको अभाव भएको भनि नगर शिक्षा समितिमा सिफारिश गरेमा नगर शिक्षा समितिले विज्ञान शिक्षकको हकमा मात्र अध्यापन अनुमति प्रमाण पत्र प्राप्त नभएको व्यक्तिलाई समेत प्रतिस्पर्धा गर्न दिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिमका दरवन्दिमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाईल खडा गरि नगरपालिकाले राख्नु पर्नेछ ।

**२१.शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता:** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**२२. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ :–

(क) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालय समयमा मादक पदार्थ सेवन गरि आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट सजाए पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यन्त्र अध्यापन वा काम गरेमा,

(ङ) निजले अध्यापन गरेको विषयमा तीन वर्षको औषत शैक्षिक उपलब्धि ४०% भन्दा कम भएमा,

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने प्रर्याप्त प्रमाण भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर निजलाई पदवाट हटाउनु अघि मनासिव माफिकको सफाईको मौका प्रदान गरिनेछ ।

## परीच्छेद — ५

## शैक्षिक योग्यता, शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, दरवन्दि र तालिम

**२३. शैक्षिक योग्यताः** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**२४. शिक्षकको नियुक्ति :** (१) विद्यालयमा कायम भएको रिक्त दरवन्दि शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - सयोंजक

(ख) छनौंट समितिको सिफारिशमा विषयगत रोष्टर मध्येबाट विज्ञ २ जना - सदस्य

(ग) नगर शिक्षा अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य

(ङ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) वडाध्यक्ष वा निजले तोकेको व्यक्ति पर्यवेक्षकको रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(३) समितिको वैठक सम्वन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. प्रधानाध्यापक सम्बन्धि व्यवस्था :**

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरवन्दीमा नवढ्ने गरि एक जना प्रध्यानाध्यापकको पद रहने छ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुनको लागि शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उतीर्ण गरि सम्वन्धित विद्यालयको सम्वन्धित तहमा कार्यरत स्थायी शिक्षक हुनुपर्नेछ । सो नभएमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उतीर्ण

गरेको निम्न माध्यामिक तहको स्थायी शिक्षक र सो पनि नभएमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उतीर्ण गरि सम्वन्धित विद्यालयमा अस्थायी वा करार सेवामा निरन्तर कार्यरत मावि शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गर्नेछ ।

(ख) अधारभूत तहमा प्रधानाध्यापक हुन शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरी सोही विद्यालयमा कार्यरत स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण सो सरह उतीर्ण गरी सम्वन्धीत विद्यालयमा अस्थायी वा करार सेवामा निरन्तर कार्यरत शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट विद्यालय व्यवस्थापन समितिको सिफारिमा नगर शिक्षा समितिले प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

(ग) प्रधानाध्यापकले नियुक्त हुनु पूर्व पाँच बर्षे विद्यालय सुधार कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(घ) विद्यालय सुधार कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा विद्यालय व्यवस्थापन समितिको सिफारिशमा नगर शिक्षा समितिले प्रधानाध्यापकलाई हटाउन सक्नेछ ।

(ङ) प्रधानाध्याकको अवधि पाँच वर्षको हुनेछ र निज पुनः सो पदमा नियुक्त हुन सक्नेछ ।

(च) प्रधानाध्यापक सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**२६. शिक्षकको सरुवा :** (१) स्थायी शिक्षकको हकमा कुनै विद्यालयमा अधिकतम पाँच वर्ष सेवा गरे पश्चात नगरपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने रिक्त दरवन्दिमा वडा शिक्षा समितिको सिफारिशमा नगर शिक्षा समितिले सरुवा गर्नेछ ।

तर दरवन्दि मिलान गर्दाको बखत नगर शिक्षा समितिले आवश्यकता अनुसार शिक्षक सरुवा गर्न सक्नेछ ।

(२) अस्थायी तथा करार शिक्षकको हकमा दुवै विद्यालयको सहमति र वडा शिक्षा समितिको सिफारिश भए नगर शिक्षा शाखाले सरुवा गर्न सक्नेछ ।

(३) न्यूनतम २ वर्ष सम्म एकै विद्यालयमा काम गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा नगर शिक्षा समितिमा सरुवाको लागि निवेदन दिन सक्नेछ । यसरी प्राप्त निवेदनका आधारमा नगर शिक्षा समितिले आफ्नो क्षेत्र भित्रका दरवन्दि उपलव्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति दिएको अवस्थामा सरुवा गर्न सक्नेछ ।

(४) विशेष अवस्थामा वाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

नोटः “विशेष अवस्था भन्नाले” निज वा सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दि आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्निसँगै रहि सेवा गर्न पाउने अवस्था वा अन्य चित्त वुझ्दो कारण समेत बुझिनेछ ।

(५) शिक्षक सरुवाको अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**२७. दरवन्दि मिलान :**

(१) नगर शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढि दरवन्दि भएको विद्यालयमा दरवन्दि मिलानका लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामिण क्षेत्र लाई प्राथमिकता दिइनेछ ।

**२८. शिक्षकको बढुवा सम्बन्धि व्यवस्था :** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धि व्यवस्था नेपाल सरकारबाट लागू भएको संघिय कानून बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन ।

**२९. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धि काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएपनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरि राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धि काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३०. कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने :** शिक्षालाई प्रभावकारी बनाउन देहाए अनुसार कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) नगरपालिका अध्यक्षको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृत सँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता एक वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य नगर शिक्षा समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**३१. कार्य सम्पादन मूल्याकंन र सजाय तथा पुरस्कारः**

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरि कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गरिनेछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाए नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद —६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

**३२. सामुदायिक विद्यालयको भौतिक पूर्वाधारको मापदण्ड निर्धारणः**

(१) विद्यालयमा विद्यार्थी सख्या अनुसार कक्षा कोठा, खेल मैदान, कम्पाउण्ड, घेरावार, बालमैत्री बसाई व्यवस्था, वातवरण मैत्री हाता, करेसाबारी, फुलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग शौचालय, सिकाई मैत्री र अपाङ्ग मैत्री वातारण हुनुपर्नेछ ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठन'पाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ।

**३३. विद्यालयको सम्पति :**

(१) सामूदायिक विद्यालयको हकभोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ । यस ऐन वमोजिम अनुमति वा स्वीकृत रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको चल, अचल सम्पति नगरपालिकाले अन्य विद्यालयको काममा वा नगरपालिकाको हितमा वा अन्य काममा प्रयोग गर्न सक्ने वा वेचविखन गर्न सक्नेछ । यदि बेचविखन गरेको अवस्थामा विक्रिबाट प्राप्त भएको रकम सम्वन्धित नगरपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोहि विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पति सार्वजनिक सम्पति मानिनेछ र त्यस्तो सम्पतिको स्वरुप परवर्तन गर्न पाइनेछैन ।

(३) कम्पनी अन्गर्तत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सघं संस्था सँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ ।

**३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पतिको अभिलेख, सरंक्षण व्यवस्थापनः**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयका नाममा रहनेछ । सो विद्यालय खारेज वा अन्यन्त्र गाभिई विद्यालयका काममा प्रयोग नहुने भएमा नगरपालिकाले भोग चलन वा अन्य कुनै काममा प्रयोग वा आवश्यकता अनुसार बेचविखन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पतिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण, व्यवस्थापन र रेखदेख गर्ने कर्तव्य नगरपालिकाको हुनेछ ।

**३५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्युनतम मापदण्ड अनुरुप सिकाई उपलब्धि हासिल हुने गरि अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकाराले तोकेको मापदण्ड भित्र रहि प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयमा आावश्यक पर्ने पाठ्यपुस्तकको संख्या सम्वन्धित विद्यालयले ताकिएको समय सिमा भित्र नगर शिक्षा समितिमा माग गर्नु पर्नेछ ।

(३) नगर शिक्षा समितिले शैक्षिक शत्र सुरु हुनु अगावै सम्वन्धित निकायहरुमा समन्वय गरि पाठ्यपुस्तकको प्रवन्ध गर्नेछ ।

(४) हरेक विद्यालयमा शैक्षिक स्तरको न्युनतम मापदण्ड तोकि शिक्षक, विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामाग्री, थप स्वअध्ययन सम्वन्धि सामाग्री, पुस्तकालय, मनोविमर्श, अविभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**३६. अतिरिक्त शैक्षिक कृयाकलाप :** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलापहरु, वाल क्लब तथा वातावरण मैत्री क्लबहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा वहु प्रतिभामूखि कृयाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद —७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन र नियमन

**३७. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमति वा स्विकृत लिनुपर्नेछ ।**

**३८. संस्थागत विद्यालयको व्यवस्थापन समिति :**

(१) संस्थागत विद्यालयको संचालन, रेख देख र व्यावस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा तोकिए अनुसारका सदस्यहरु रहेको एक विद्यालय व्यावस्थापन समिति रहनेछः—

(क) विद्यालयको संस्थापक वा लगानीकर्ता मध्येबाट विद्यालयको सिफारिशमा नगरपालिकाबाट मनोनित व्यक्ति - अध्यक्ष

(ख) अभिभावक मध्येबाट कम्तिमा एक महिला सहित दुई जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना -सदस्य

(घ) सम्वन्धीत क्षेत्रको विद्यालय निरीक्षक वा श्रोत व्यक्ति -सदस्य

(ङ) सम्वन्धित विद्यालयका शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको एक -सदस्य

(च) विद्यालयको प्रधानाध्यपक -सदस्य सचिव

(२) व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ ।

**३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(१) सस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**४०. सस्थागत विद्यालयले छात्रावृति उपलब्ध गराउनुपर्ने :**

(१) सस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघट्ने गरि तोकिए वमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीलाई निःशुल्क छात्रवृति उपलब्ध गराउनु पर्नेछ । छात्रवृति वितरणको यथार्थ जानकारी सम्बन्धित वडा शिक्षा समिति र नगरपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृतिको लागि विद्यार्थीको छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगर शिक्षा समितिको प्रतिनिधि, र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृति छनौंट समिति रहनेछ ।

(३) उपदफा (१) बमोजिम छात्रवृतिको लागि विद्यार्थी छनौंट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

(४) छात्रवृति उपलब्ध नगराउने विद्यालयलाई नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

**४१. अनुगमन तथा मूल्याङकन :** सस्थागत विद्यालयका गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समितले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन कार्यान्वयन गर्नु सस्थागत विद्यालयको दायित्व हुनेछ ।

**४२. अनुमति वा स्विकृत रद्ध गर्ने :** कुनै सस्थागत विद्यालयले कानुन र नियम विपरित कुनै काम गरेमा नगरपालिकालले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृत रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गर्नेछैन ।

## परिच्छेद —८
## परिक्षा सञ्चालन तथा गुणस्तर मापन

**४३. नगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा राष्ट्रिय/प्रदेशस्तरको परीक्षा सचांलन तथा समन्वयको लागि देहायको एक परीक्षा सचांलन तथा समन्वय समिति रहनेछ ।**

(क) नगर शिक्षा समतिको अध्यक्ष —अध्यक्ष
(ख) प्रमुख प्रसाशकीय अधिकृत —सदस्य
(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि —सदस्य
(घ) सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालयको प्रमुख —सदस्य
(ङ) श्रोत व्यक्ति वा विद्यालय निरिक्षक मध्येवाट समितिले मनोनित गरेको एक जना —सदस्य
(च) कक्षा ८ संचालन भएको संस्थागत र सामुदायिक विद्यालयहरुको प्रधानध्यापक मध्येवाट अध्यक्षले तोकेको एक एक जना —सदस्य
(छ) शिक्षा अधिकृत — सदस्य सचिव

(१) परीक्षा सञ्चालन तथा समन्वय समितिको वैठक सम्वन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजिकरण र समन्वय गर्नेछ ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ । यसका लागि सम्वन्धित कक्षाका विद्यार्थीहरुबाट परीक्षामा लाग्ने खर्च वापत लाग्ने परीक्षा शुल्क सम्वन्धित विद्यालयले लिन सक्नेछ ।

(४) उप दफा (२) र (३) बाहेकको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले सञ्चालन गर्नेछ ।

## परिच्छेद —९
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**४४. विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका श्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ ।

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

**४५. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाको वखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरि तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई एकमुष्ट अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिदै आएको रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) नगरपालिकाले वाल विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**४६. वजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्षको मसान्त भित्र आगामि वर्षको वजेट तयार गरि व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति नगर शिक्षा शाखामा पठाउनु पर्नेछ ।

**४७. लेखा व्यवस्थापन :**

(१) सबै विद्यालयले प्रचलित कानुन अनुसारको ढाँचामा आय—व्ययको लेखा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) नियमित कारोबारको लेखा राख्न वेग्लै व्यवस्था गरि कुनै कर्मचारी वा शिक्षकलाई जिम्मा दिनु पर्नेछ ।

**४८. सामुदायिक विद्यालयको खाता सचांलन :**

(१) विद्यालयको आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नु पर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीकोे सयुंक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ । आधारभूत विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रध्यानाध्यापकको सयुक्त दस्तखतवाट संचालन हुनेछ ।

**४९. लेखा परीक्षण तथा सामाजिक परीक्षणः**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्ट्रड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण सामाजिक परिक्षणलाई आधार मानी गर्नुपर्ने छ र प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको शैक्षिक उपलब्धि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिनु पर्नेछ ।

**५०. विद्यालयको कामको सामाजिक परिक्षण सम्वन्धि व्यवस्था :** सामुदायिक विद्यालयले प्रत्येक वर्षको साउन मसान्त भित्र आफ्नो कामको सामाजिक परिक्षण गर्नु पर्नेछ । सोको प्रतिवेदन भाद्र मसान्त भित्र शिक्षा शाखामा पेश गर्नु पर्नेछ । सामाजिक लेखा परिक्षण गर्न तपसिलका समिति रहने छन ।

(क) शिक्षक अभिभावक संघको अध्यक्ष —संयोजक
(ख) विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति —सदस्य
(ग) अभिभावक संघले तोकेको दलित र महिला गरि २ जना —सदस्य
(घ) माथिल्लो कक्षामा प्रथम हुने छात्र वा छात्रा १ जना —सदस्य
(ङ) वडा समितिको अध्यक्ष वा निजले तोकेको सदस्य १ जना —सदस्य
(च) प्रधानाध्यापकले तोकेको शिक्षक —सदस्य सचिव

**५१. छात्रवृतिको व्यवस्था गर्न सक्ने :** नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषवाट तोकिए बमोजिम छात्रवृतिको व्यवस्था गर्न सक्नेछ ।

**५२. शुल्क सम्बन्धि व्यवस्था :**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सके पछि पुनः सोहि विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक सरंचना निर्माण गर्नको लागि विद्याथीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिईनेछ ।

(६) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ र यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैंया सम्म जरिवाना गर्न सक्नेछ ।

**५३. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकका अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा राजिष्ट्रेसन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित सस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - १०
## विविधः

**५४. नगरपालिकाले निर्देशन दिन सक्ने :**

(१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन स्क्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५५. शैक्षिक परामर्श सेवा, विदेशि शैक्षिक कार्यक्रम वा शिक्षण कार्य सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धि व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**५६. प्रगति विवरण बुझाउनु पर्ने :** सस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकामा बुझाउनु पर्नेछ ।

**५७. श्रोत केन्द्र स्थापना सम्वन्धि व्यवस्था :** नगरपालिकाको क्षेत्रभित्र विद्यालयको शैक्षिक सहजिकरणको लागि श्रोत केन्द्र स्थापना गरिने छ र श्रोत केन्द्रका कार्यकारी अधिकृत श्रोत व्यक्ति हुनेछ ।

**५८. स्थानीय शिक्षा विकास कोष :**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रका विपन्न, प्राकृतिक प्रकोप पीडित र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

(२) कोषमा देहाए बमोजिमका रकम रहनेछ:

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,
(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन नगरपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

**५९. दण्ड सजाय :**

(१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्धा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरि बिगो वमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहाएका कुनै कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एकलाख रुपैया सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाए सजाए हुनेछः

(क) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्विकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा ,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) परीक्षाको मर्यादा भङग हुने अन्य कुनै कार्य गरेमा,

(ङ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(च) अरुको तर्फबाट परीक्षा दिएमा,

(छ) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा ।

(३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा सरकारवादी फौज्दारी मुद्धा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्धा दायर भएको मितिदेखि मुद्धाको अन्तिम टुङ्गो नलागे सम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई तोकिए बमोजिम सजाय गरिनेछ ।

(४) उप दफा १ देखि ३ सम्म लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्रतगत बनेको नियम उल्लंघन गरेमा तोकिए बमोजिम सजाय हुनेछ ।

**६०. पुनरावेदन :** तोकिएको अधिकारीले गरेका सजाएको आदेश उपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ ।

**६१. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यानवयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका वनाई लागू गर्न सक्नेछ ।

**६२. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरवन्दिमा विज्ञापनको अनुमति नगर कार्यपालिकाले दिन सक्नेछ ।

**६३. बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश नगर कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**६४. बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्गर्तत कारवाहि चलाउन बाधा पर्ने छैन ।

(३) संघिय तथा प्रदेश कानुन सँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।